# वालङि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङजा
**गण्डकी प्रदेश,नेपाल**

## औषधी तथा सर्जिकल सामान खरिद संबन्धी बोलत्रप आव्हानको सूचना
## प्रथम पटक प्रकाशित मितिः २०७८।११।०८ गते

१. यस कार्यालयबाट निःशुल्क वितरण गर्न औषधी तथा सर्जिकल सामानहरु बोलपत्रको माध्यम द्वारा खरिद गर्नु परेकोले सूचना प्रकाशित भएको मितिले ३० दिन कार्यालय समय भित्र, बोलपत्र फारम दस्तुर रु.३०००। अक्षरेपी रु. (तीन हजार) मात्र (पछि फिर्ता नहुने) तिरी चालु आ.व.२०७८/०७९ को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यबसायी प्रमाणपत्र,आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब.२०७७/७८ को कर चुक्ताको प्रमाणपत्र प्रतिलिपी संलग्न राखी सिलबन्दी दरभाउपत्र खरिद कार्यको लागी ***नेपाल*** *बैंक लिमिटेड वालिङ शाखा स्थित आन्तरीक राजश्व खाता खाता ०८३०३००००१००१००००१ मा जम्मा गरेको बैंक भौचर संलग्न राखी* सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np *(विद्युतीय माध्यम) द्वारा मात्र* बोलपत्र *खरिद तथा दर्ता गर्न सकिनेछ ।*

२. बोलपत्र पत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम नेपाल बैंक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं.०८३०३०००००००३००००१ मा जम्मा गरेको सक्कलै भौचर वा क बर्गको बैकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

४) बोलपत्र पत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा नविकरण गरिएको ISO प्रमाण पत्र र अन्य कुराको हकमा प्राबिधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ ।

५) सुई, धुलो र झोल औषधी बाहेक संर्पूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ ।

६) सार्बजनिक खरिद ऐन को २०६३ को दफा ६३ बमोजिम अनुसार सिलबन्दी दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७) बिदेशी औषधीको हकमा औषधी ब्यबस्था बिभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

८) बोलपत्र दाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नु पर्नेछ ।

९) एक आपसमा मिलेमतो गरी बोलपत्र पत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन ।

१०) बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

११) यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । विस्तृत जानकारीको लागी वालिङ नगरपालिका नगरपालिकाको कार्यालय, वालिङमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१२) बोलपत्र फाराम खरिद/दर्ता गर्ने समय:

क) यो सूचना प्रथम पटक प्रकाशित भएको ***मिति २०७८।११।०८ गते, बोलपत्र खरिद अन्तीम मिति २०७८।१२।७ गते, दर्ता मिति २०७८।१२।८ गते समय १२.०० बजे भीत्र*** र **उक्त बोलपत्र खोल्ने मिति २०७८।१२।०८ गते समय २.०० वजे ।** *बोलपत्र*दाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन र सोही समयमा लागू हुनेछ ।

१३. **खरिद विवरण**

| सि.नं | सूचना नं | बिबरण | लागत अनुमान | धरौटी रकम |
|---|---|---|---|---|
| १ | ६/२०७८/०७९ | औषधी तथा सर्जिकल सामानहरु खरिद | 2654553.0 | 73000.0 |